नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री गणेश अर्याललेगरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-११६ दायर मिति:-२०८१/०६/०६**

**फैसला मिति:-२०८१/११/२७**

| **वादी** | **प्रतिवादीहरु** |
|---|---|
| **अमित कुमार वर्णवालको जाहेरीले नेपाल सरकार.........................१** | **जिल्ला पर्सा बीरगंज महानगरपालिका वडा नं.११ बस्ने मुनेश बहादुर नेपालीको छोरा बर्ष ३२ को आकाश नेपालीसमेत २ जना ....१** |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

<u>तथ्य-खण्ड</u>

१. प्रतिवादीहरुले जाहेरवालालाई गाली गलौज गर्दै पसलको सामानहरु तोडफोट गरी क्षति पुर्याई अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त.।

२. प्रतिवादीहरुले जाहेरवालालाई गाली गलौज गर्दै पसलको सामानहरु तोडफोट गरी क्षति पुर्याई अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।

३. जाहेरवालालाई गाली गलौज गर्दै पसलको सामानहरु तोडफोट गरी क्षति पुर्याई अभद्र व्यवहार गरेकोले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका अनु वर्णवाल समेतको घटनाविवरण कागज।

४. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।

५. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।

६. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

<u>ठहर-खण्ड</u>

यसमा मिति २०८१।०३।०७ गते अं.२२:४५ बजेको समयमा जिल्ला पर्सा बीरगंज म.न.पा.वडा नं.११ स्थित मैले सञ्चालन गरेको किराना पसलमा प्रतिवादी राहुल नेपाली मादक पदार्थ सेवन गरी आई उधारो चुरोट मागेकोले मैले उधारो चुरोट नदिएको कारण निजले गाली गलौज गरी अर्को प्रतिवादी आकाश नेपालीलाई बोलाई दुबैजना मिली मेरो पसलको प्रिन्टर, मोबाईल, मोनिटर लगायतका सामनहरु तोडफोड गरी कुटपिट गर्दै अभद्र व्यवहार गरेको हुँदा निजहरुलाई अमित कुमार वर्णवालको जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज समेतको आधारमा थमाउने म्याद समेत गुजारी बसेका अनुपस्थित यी प्रतिवादीहरु राहुल नेपाली र आकाश नेपाली समेतले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। यसरी प्रतिवादीहरुले जाहेरवालालाई गाली गलौज गर्दै पसलको सामानहरु तोडफोट गरी क्षति पुर्याई अभद्र व्यवहार गरेको तथ्य स्थापित हुन गएको देखिएको अवस्था समेतलाई बिश्लेषण गरी मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादीहरु राहुल नेपाली र आकाश नेपालीलाई जनही जरिवाना रु.१००००/- अक्षेरेपी दस हजार मात्र ठहर्छ । साथै ऐ.ऐ.संहिताको दफा १२७ को हकमा उपचार खर्च वापत रु.३३००/- र प्रिन्टरको हकमा प्रयोग भएको समय सम्मको ह्रास कट्टी गर्नु पर्ने र प्रिन्टरमा पुगेको क्षतिको वास्तविक तथ्य खुल्न नसेको हुँदा प्रिन्टरको खरिद मुल्यकै दावि गरेकोमा दाविमा सहमत हुन सकिएन तसर्थ औचित्यता र न्याय समेतको आधारमा विश्लेशष गर्दा प्रिन्टर वापत रकम रु.२०,०००/- गरी जम्मा रु.२३,३००/- अक्षेरेपी तेईस हजार तीन सय मात्र जाहेरवालालाई प्रतिवादीहरुबाट भरि भराउन समेत ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

<u>तपसिल खण्ड</u>

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादीहरु आकाश नेपाली र राहुल नेपालीलाई ठहरेको जनही जरिवाना रु.१००००/- र जाहेरवालाई ऐ.ऐ.संहिता बमोजिम भरी भराउने पर्ने रकम रु.२३,३००/- भरी भराउन जिल्ला प्रहरी कार्यालय, पर्सालाई पत्र लेख्नु -----------१

२. प्रतिवादीहरु थमाउने म्याद समेत गुजारी बसेको हुँदा प्रस्तुत पुनरावेदनको म्याद दिई रहनु परेन -------------------------------१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु------------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------------१

**गणेश अर्याल**

**प्रमुख जिल्ला अधिकारी**

ईति सम्बत् २०८१ फाल्गुन महिना १७ गते शनिवार रोज ७/ ने.सं. ११४५ चिल्लाथ्व द्वितीया, शुभम् .......